# लोमन्थाङ गाउँपालिका
༄༅།།གློ་སྨོན་ཐང་གྲོང་སྡེ་སྐྱི་ཁྲུབ་ལྷན་ཁང་།
# गाउँ कार्यपालिकाको कार्यालय
लोमन्थाङ, मुस्ताङ गण्डकी प्रदेश, नेपाल


पत्र सङ्ख्या : २०८२/०८३
सूचना नं:. 36

लोमन्थाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लोमन्थाङ, मुस्ताङ गण्डकी प्रदेश, नेपाल २०७३

मिति:-२०८३।०२।२४
ने.सं. ११४६ अनालागा सप्तमी

## वियरको सिसाका बोतल निषेध गरिएको सम्बन्धी सूचना।

यस लोमन्थाङ गाउँपलिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरू, पार्क, नदी किनार तथा सार्वजनिक स्थलहरूमा विगत केही समयदेखि वियर तथा अन्य पेय पदार्थका सिसाका बोतलहरू जथाभाबी फाल्ने र फुटाउने कार्य भइरहेको प्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। सार्वजनिक स्थलहरूमा फालिएका सिसाका बोतल र तिनका तिखा टुक्राहरूका कारण सर्वसाधारण, पर्यटक, बालबालिका तथा चौपायाहरूलाई गम्भीर चोटपटक लाग्ने गरेको छ। यसका साथै वातावरणीय प्रदूषण बढ्ने, प्राकृतिक सौन्दर्यता गुम्ने र शान्ति सुरक्षामा समेत खलल पुग्ने देखिएकाले मिति २०८३।०२।२४ गतेको कार्यपालिका बैंठकको निर्णयनुसार आगामी २०८३ साल असार १ गते देखी यस लोमन्थाङ गाउँपालिका क्षेत्रभित्र वियरको सिसाका बोतलहरू पूर्ण रूपमा निषेध गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

न्युटन लम्साल
प्रमुख प्रशासकीय अधिकृत


कार्यालय फोन नं. ९८५७६३०३३०
Email: lomanthanggaupalika@gmail.com
Website: www.lomanthangmun.gov.np